" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "

# हिलिहाङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पञ्चमी, पाँचथर

कोशी प्रदेश, नेपाल

अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**सूचना नं. २२/०८०-८१** **प्रकाशन मिति: २०८०/०६/१६**

हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेका तपसिलका रिक्त पदहरूमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्वारा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको न्युनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित तोकिएको ढाँचामा दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:-**

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | तह | माग संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १/२०८०-८१ | खुला | रोजगार संयोजक | अधिकृतस्तर छैटौं | १ | १२००.०० |
| २ | २/२०८०-८१ | खुला | ना.प.स्वा.प्रा. | सहायकस्तर चौथो | १ | ५००.०० |

**क) परीक्षा किसिम:-** लिखित/कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता ।

**ख) परीक्षा मिति:-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशनको बखत गरिनेछ ।

**ग) परीक्षा केन्द्र:-** हिलिहाङ गाउँपालिकाको सभाहल, पञ्चमी, पाँचथर ।

**घ) दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैंकमार्फत SuTRA बाट सृजित भौचरबाट गाउँपालिकाको **HILIHANG GA-1-1 ANTARIK RAJASWO 26351182240171** मा परीक्षा दस्तुर रकम जम्मा गर्नुपर्नेछ ।

**ङ) दरखास्त दस्तुर बुझाउने अवधि:-** दरखास्त दिन पाउने अन्तिम मिति (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

**च) दरखास्त दिने अन्तिम मिति:-** २०८०/०६/३० सम्म र दोब्बर दस्तुर तिरी २०८०/०७/०३ सम्म ।

**छ) उम्मेदवारको उमेरको हद:-** रोजगार संयोजक पदको लागि २०८०/०६/३० सम्म २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, ना.प.स्वा.प्रा. पदको लागि २०८०/०६/३० सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

**ज) पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी ।

**झ) तलब:-** प्रचलित कानून बमोजिम ।

**ञ) आवश्यक न्यूनतम शैक्षिक योग्यता:-**

**i. रोजगार संयोजक पदको लागि:-**

१. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

२. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

३. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

... कुमार लिम्बु

**ii. ना.प.स्वा.प्रा. पदको लागिः-**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीर्ण गरी न्यूनतम एक बर्षे जे.टि.ए (पशु विज्ञान) विषयमा तालिम प्राप्त वा पशु विज्ञान विषय लिई टि.एस.एल.सी उत्तीर्ण गरेको।

**ट) दरखास्त दिने स्थानः-** हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर

**ठ) दरखास्त फाराम पाईने स्थानः-** हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथर वा कार्यालयको वेवसाईट www.hilihangmun.gov.np मा गई रोजगार संयोजक पदको लागि रोजगार संयोजक पदको लागि आवेदन फाराम र ना.प.स्वा.प्रा. पदको लागि दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ।

**ड) दरखास्त फाराम बुझाउने स्थानः-** हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथर वा कार्यालयको ईमेल hilihangruralmun@gmail.com मा सम्पूर्ण कागजातहरू स्क्यान(Scan) गरी पठाउन सकिनेछ।

**ढ) दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरूः-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरू (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरू।

**ण) विस्तृत जानकारीको लागिः- सम्पर्क नं. ९८५२६६५५८८**

**द्रष्टव्य**

(क) कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरूको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योगयताको समक्षकता निर्धारण गराएको हुनुपर्दछ।

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्थाः रोजगार संयोजकको पदपूर्ति र सेवा सम्बन्धी मापदण्ड, २०७६ दफा ९ (५) बमोजिम हुनेछ। ना.प.स्वा.प्रा. पदको लागि लोक सेवा आयोगले तोके बमोजिम हुनेछ। अन्य व्यवस्था हिलिहाङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत